नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 25 No 3 | Monthly International Edition of Herald of His Coming | March 2024

वर्ष २५, अङ्क ३ | हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन | (चैत, २०८०)

जोन फ्लोचर : एक परमेश्वरसँग हिँडे

John Fletcher: A Man Who Walked With God

जो फ्लोचर (१७२९ - १७८५) एक आधुनिक निकोदेमसको रुपमा लिन सकिन्छ । उनि नैतिक र चरित्रमा मात्र होइन उनि परमेश्वरको दृष्टिमा धार्मिक मानिस थिए । उनि १७२९ मा स्विजरल्याण्डमा जन्मेका थिए । उनि सात वर्षको हुँदा परमेश्वरलाई पहिलो पटक अनुभव गरेका थिए । उनले त्यति वेला गम्भिर नभई त्यतिकै परमेश्वरलाई अनुभव मात्र गरेका छन् । परमेश्वरको अनुग्रहलाई त्यति ध्यान नदिएर धार्मिक जीवन जीउनु नै जीवनको आशा सम्झेका थिए । उनि जेनेभामा अध्ययन गर्दा खेरि धार्मिक विषयमा लेख्ने कामहरू पनि सुरु गरे ।

जब उनि इङ्ल्याण्डको यात्रा गर्दै थिए त्यतिवेला त्यहाँ उनले मेथोडिस्टहरूलाई भेट गरेर उनको जीवनमा साँचो रुपमा ख्रीष्ट परमेश्वर हुनुहुन्छ भन्ने अनुभव गरे । उनको यो रुपान्तरण काल्पनिक होइन, वास्तविक थियो । यो घटनाले उनको परमेश्वरप्रतिको सोचाइमा मात्र होइन जीवन चरित्रमानै प्रभाव पार्‍यो । उहाँले वल्ल एक, मुक्तिदातालाई फेला पार्नु भयो । उहाँले ख्रीष्टलाई एक मार्ग दर्शनको रुपमा अनुसरण गर्ने किटान गर्नुभयो । यो उनको लागि अपरिवर्तनिय हुन गयो जसले उनको वाटो नै परिवर्तन गरिदियो । उनले धेरै वाधाहरूको बाबजुद पनि त्यो मार्गमा हिँड्ने अठोट गरे । उनि परमेश्वरको प्रेम र अनुग्रहमा वढ्दै गए र पछि उनको लागि यो पेशा नै हुन गयो ।

ख्रीष्टमा उनको जीवन :

जोन फ्लोचरको एउटा भनाइ अति नै प्रसिद्ध छ उनि भन्छन् " परमेश्वरसँगै हिँड्दा, उहाँलाई अध्ययन गर्दा, खोज्दा, प्रार्थना गर्दा, मैले आफूलाई त्याग्न सकें" । अब देखि उसो उनको जीवन प्रार्थनाको जीवन थियो । उनि प्रार्थनाका योद्धा नै थिए । उनको जीवन परमेश्वर प्रति यति गहिरियो कि उनले एकपटक भनेका छन् "जब सम्म परमेश्वरलाई म मेरो हृदयबाट नउचालेसम्म म उठ्दै उठ्दिन हरेक बिहानी उठ्दा त्यही कुरा भन्ने गर्दथे के म तपाईंलाई भेट्न सक्दछु ।" उनको जीवनमा कति दुर्वव्यवहारमा परेका गलत मानिस संग पनि उनको जम्काभेट हुँदा उनले भन्दथे म तपाईंको लागि प्रार्थना गर्नेछु ।"

उनको सेवाको दौरानमा उनले आफ्नो दैनिकीमा लेखेका वाक्यांशहरू अति नै उत्साहप्रद छन् - उनि भन्दछन् "म परमेश्वरलाई धन्यवाद दिन्छु कि मैले क्षणिक र वितिजाने कुराहरूमा उहाँलाई दुःख दिए तर आज मैले मेरो जीवनको अर्थ बुझें । म मेरो मागहरू प्रति दुःखित छु मागदा-मागदा कति माग्ने असिमित कुराहरूको प्रचरता, तर अब म

मुक्तिदातासँग गरिब हुन चाहन्छु ।

उनि भन्दछन् "हामी पवित्र आत्माको सागरमा डुबौं, ईश्वरीय कृपाको गहिराइ बुझ्ने प्रयास गरौं र यस्तो प्रयासको असभ्यतालाई विश्वास गरी हामी आफैलाई उहाँमा हराऔं ।" "यदि हामी उहाँलाई बुझ्न सकेनौ भने उहाँबाटै बुझ्ने प्रयास गरौं" परमेश्वरमा खुशी र सुखी हुने प्रयास गरौं । दुःखलाई सुखमा परिणत गरौं तर हामी उहाँलाई फर्काउन सक्दैनौं ।" उनि भन्दछन् "म तिमीहरूलाई जीवन र धेरै प्रशस्त जीवन दिनु हुने प्रभु येशूको सामु आग्रह गर्न चाहन्छु कि, तपाईंका विश्वासका सम्पूर्ण कार्यहरू, आशाका परिश्रमहरू, तपाईंले अनुभव गर्नुभएको प्रेमद्वारा म विन्ति गर्दछु कि तपाईंहरू पवित्रआत्माको ठूलो गहिराईमा डुब्नुहोस् । पश्चाताप गर्दै, खीष्टलाई उचाल्दै आफू पनि उठ्नुहोस् ।

मोडेलीको सेवा :

उनको सेवाको पहिलो सुरुवात वेलायतको मोडेली भन्ने ठाउँ बाट सुरु भएको थियो । जस्तै सम्पूर्ण जागृतिका घटनाहरूले एउटा पृष्ठभूमिको रुपमा काम गरेको छ । उनि भन्दछन् "यस पवित्र भूमि मलाई विश्राम दिनलाई अपवित्र बनाइएको थियो, पवित्र वस्तुहरूलाई यस ठाउँमा खुट्टाले कुल्चिएको थियो । शान्तिलाई लडाइमा र धर्मलाई एक उपहासको रुपमा लिइएको थियो ।" त्यही ठाउँमा फ्लेचरलाई पवित्रताको विषयमा प्रचार गर्न परमेश्वरले बोलाउनु भएको थियो । उनी त्यो ठाउँमा विस वर्ष सम्म बलिरहेको र चम्किलो ज्योतिको रुपमा देखापरे ।

परमेश्वरले आफ्नो अनुहारलाई चकमक जस्तै उज्यालो देखाउनु भयो । जस जसले परमेश्वरको सत्यतालाई विरोध गर्दथे तिनीहरूलाई यो एक ठूलो प्रमाण हुन गयो । अनि त्यो ठाउँमा परमेश्वरको अनुग्रह यसरी प्रदर्शन हुँदै गयो कि जुन कुरा मानिसहरूले विश्वास गर्नै सकेनन् । परमेश्वरले हरेक व्यक्तिमाथि विश्वासको नापबमोजिम आत्मा खन्याउनु भयो । हरेक अनैतिकतालाई उहाँले हप्काउनु भयो । उहाँले त्यो समयमा परमेश्वरको शक्तिलाई प्रचार गर्नुभयो । उहाँले सानो मण्डलीमा सुसमाचार घोषणा गर्नुभयो । उहाँले अब सार्वजनिक स्थानहरूमा, खुलमखुला, घर-घरमा उपवास र वचन प्रचार गर्न सुरु गर्नुभयो ।

एक जना परिपक्क पास्टर जस्तै उहाँ विश्वासीहरूको चाहना र स्वभावसँग परिचित हुँदै जानुभयो । हरेक परिवार परिवारलाई सिकाउँदै जाँदा अब तिनीहरूले नै अरु आफन्तहरूलाई सिकाउँदै जान थाले । उनको नम्रताको जीवनले धेरै मानिसहरूलाई प्रभाव पार्‍यो कति ठक्कर खाएता पनि उनले कहिलै हार मानेनन् पवित्रता र सत्यताको वारेमा सिकाइनै रहे । त्यही नै उनको ठूलो सम्पत्ति हुन गयो ।

उनको यस्तो जीवनको कारणले गर्दा धेरै मानिसहरूको मन पग्लियो । आँसु र हाँसोलाई एकसाथ मिलाएर विग्रीएका धेरै परिवारलाई उनले मिलापमा ल्याए । तिनीहरू अब कहिल्यै पनि पछि नफर्कने प्रतिज्ञा गरे ।

त्यता अरु मण्डलीहरूमा पनि सदस्यको संख्या त धेरै नै थियो तर तिनीहरू कुनै पनि उज्यालोमा आएका थिएनन्, परमेश्वरको हनुहुन्छ तिनीहरूलाई थाहै थिएन । त्यहाँका मानिसहरू डरको आत्माले सताइएका थिए । एउटा परिवार र अर्को परिवार बोल्दैनथे । तर फ्लोचरको सेवाले गर्दा धेरै परिवार, व्यक्ति, समाजको मिलाप भयो ।

विरामीहरूको विषयमा उहाँले एउटा अकल्पनिय काम गर्नुभयो । यो विषयमा चेल्सीले भन्दछन "फ्लोचर कोही मानिस विरामी भएको थाहा पाए भने जति वेला पनि सेवा गर्न तत्पर रहन्थे, कोही मानिसलाई चोटपटक लाग्यो आवश्यता पर्‍यो भने उनी भन्दथे मलाई बोलाउनुहोस म सेवा गर्न तुरुन्तै आउने छु ।"

जोन फ्लेचर मुख्य रुपमा धार्मिकताका प्रचारक थिए । यस्तै उनको प्रचारको विषयमा दया पनि समावेश हुन्थ्यो । उनी अतिनै जोसिला व्यक्ति थिए र कति पटक उनको जीवनमा पत्याउनै नसकिने काम परमेश्वरले गर्नुभएको थियो । पहिलो वर्षमा मण्डली साना साना भएकाले उनलाई निरुत्साह भने नआएको होइन तर उनी कहिल्यै निरुत्साहित भएनन्

र प्रचार गरिरहे । मानिसहरू मण्डलीमा न अटाएको कारणले वाहिर-बाहिर आँगनतिर वसेर पनि उनको प्रवचनलाई सुनिरहन्थे ।

जोन फ्लेचरले त्यतिवेला लेखेका पत्रहरूले पनि उनको हृदय कस्तो थियो भन्ने प्रमाणित गर्दछ । उनले यसरी लेख्दछन् - "तपाईले आफैलाई इन्कार गर्नुभएन भने र तपाईंले दुष्टबाट धेरैनै दुख पाउनु भएन भने तपाईंको प्रार्थनाले काम गर्दैन । येशू संसारको ज्योति हुनुहुन्छ त्यसैले उहाँलाई पछ्याउने कहिल्यै पनि अन्धकारमा हिँडडुल गर्ने छैन ।" निजी प्रार्थनामा तपाई खीष्ट सँग असल मित्र हुनुपर्दछ । एकजना साथीलाई भेटेजस्तै प्रार्थनामा सधैं खीष्टलाई भेट्नुहोस् अनि उहाँले तपाईंलाई स्विकार गर्नु हुनेछ । खीष्टको प्रेमले तपाईंलाई पगाल्न सक्दछ ।

सेमिनारीको नेतृत्व गर्दै :

यो समयमा युवाहरूको शिक्षाको लागि हन्टिङ्डनको काउन्टेसले वेल्समा एउटा सेमिनारी स्थापना गरे । र त्यसको नेतृत्व जोन फ्लेचरले लिनुपर्ने भयो । परमेश्वरको डर मान्ने व्यक्तिको नेतृत्व भएकाले त्यो सेमिनारी एकदमै आशिषित भयो । उनले भाषा, कला, विज्ञान, व्याकरण, वक्तृत्व, तर्कको क्षेत्रमा पनि निकै विकास भयो । विद्यार्थीहरूले एकदमै चाख लागेर अध्ययन गरे तिनीहरूमा मर्जिल, सिसेरो, ग्रीक ल्याटिन दर्शन शास्त्रको विषयमा विकास भयो । विद्यार्थीहरू यो विषयमा एकदमै चाख लाग्दो मानेर अध्ययन गर्दथे किनभने तिनीहरूको निम्ति यो विषय एकदमै नौलो थियो । खीष्टको जीवन र इस्राएलको इतिहासको वारेमा एकदमै आत्मैदेखि अध्ययन गरे ।

यसको साथै पवित्र आत्माले भरिनु भनेको के हो ? क्षमा लिनु र दिनु भनेको के हो ? जस्ता विषयमा एकदमै चाख लाग्दो प्रकारले अध्ययन भएकाले मण्डलीमा यसले निकै ठूलो प्रभाव पऱ्यो ।

दुःखको भट्टी :

जोन फ्लोचरले आफ्नो ओठबाट निकालेका शब्दहरूलाई विचार गर्ने हो भने उनलाई भयानक रोगले सताएको जस्तो लाग्दछ । उहाँ क्षयरोग वाट लामो समय देखि पीडित हुनुहुन्थ्यो । उहाँलाई परमेश्वरले दुःखको भट्टीमानै हाल्नु भएको आभास यहाँनेर गर्न सकिन्छ । उहाँले आफ्नो दैनिकीमा लेख्नु भएका केही वाक्यहरू यहाँनेर लेख्नु उपयुक्त लाग्दछ । "म जीवनलाई यति छोटो देख्छु" त्यो समयलाई मैले प्रार्थनामा विताउन पाउँदा परमेश्वरतर्फ अतिनै आभार प्रकट गर्दछु । मानिस अरू कुनै पेशा पनि हुनुपर्दछ जस्तो मलाई लाग्दछ । यसको मुख्य विषय भनेको आफैलाई खालि पार्नु वा रित्याउनु हो ।"

"अब मेरो घाँटी प्रचारको निम्ति वनिएको जस्तो लाग्दैन जब म ३, ४ वटा प्रवचन प्रचार गर्दछु म भित्रै वाट जलेर आउँछु, घाटी सुक्खा हुन्छ । त्यसै कारणले मैले मेरो समय अब लेखनतिर लाग्नु पर्दछ । परमेश्वरको महिमाको निम्ति म यो काम गर्न सक्षम हुन सकूँ ।"

"मैले परमेश्वर सँग विन्ति गरेर म अब के गरु अनी विचार गर्दै प्रार्थना गरें, अब म के कुराको लागि तयार हुनु पर्ने हो त्यसको लागि तयार रहनु सकूँ भनी प्रार्थना गर्दै रहें । ओ हो ! अब मेरो जीवन कसरी चल्छ होला ? अब म कता हिँड्ने होला, अब म हिँडे, म अब अनन्तको यात्रा तर्फ जानु नै उत्तम सम्झेको छु ।" मेरो जीवनको कचौरा द्रुत गतिमा उकालो पहाडतिर चढेजस्तै चढिरहेको छ । आउनुहोस् हामी हाम्रा वानीहरूलाई सुधार गरौं खीष्ट जसले हामीलाई मूल्य तिरेर किन्नुभयो उहाँ प्रति कृतज्ञ नभई अब हामीले अरू कामै गर्न सक्दैनौं ।

तपाईंको हृदय, कलम र जिब्रोले के काम गरिरहेको छ ? के तिमीहरूले तपाईं जहाँ गएता पनि सत्यताको छापलाई फैलाइरहने काम गरिरहनुभएको छ ?" हे मेरा साथी, होसियार रहनुहोस् । संसारको धन र सम्पत्तिको फिक्रीले तपाईंलाई खीष्टबाट टाढा लैजान नसकोस्, समय सँधै उडिरहन्छ, हामी अनन्तको घरमा पुग्नु भन्दा अघि लडाईं, झगडा प्रसस्तता, अभाव आई पर्दछ । हामी यीनै कुरामा मात्र चिन्ता गऱ्यौं भने हामी हार्नेछौं । हाम्रो मृत्युभन्दा अघि यस्ता धेरै कुराहरूले हामीलाई अल्मल्याउन खोज्दछ । यी कुराहरू सोच्दा सोच्दै

हाम्रो यस पृथ्वीमा अन्तिम दिन भएको हामीलाई थाहै हुँदैन । समय कति छोटो भयो जस्तो लाग्न सक्दछ तपाईलाई, कतै घडि छिटो भयो जस्तो लाग्न सक्दछ तपाईंलाई कतै घडि छिटो छिटो त चलेको छैन जस्तो पनि लाग्न सक्दछ । हाम्रो अन्तिम शत्रु भनेको 'मृत्यु' हो यसलाई कुनै पनि मानिसले नकार्न सकिँदैन । त्यसमाथि विजय हासिल गर्नु भनेको खीष्ट तिर हेर्नु र आफ्नो जीवनमा सन्तुष्टि प्राप्त गारी अन्तिम लक्ष्य तिर लम्कनु हो हाम्रो स्मरण स्थान खीष्ट हुनुहुन्छ । उहाँमा रहेर मात्र हामीले हाम्रा शत्रुमाथि विजय प्राप्त गर्न सक्दछौं ।

जोन फ्लोचर एकदमै विरामी परेर उनलाई भेट्न आएका एक जना मानिसले बोलेका कुरा यहाँ लेख्न समय सान्दर्भिक सम्झन्छु । उनले यसरी भन्दछन् "मैले चिहानमा एउटा खुट्टा पुऱ्याइसकेको मानिसलाई आज भेट्न आएँ । तर जब मैले गम्भिर रूपमा सोचे उहाँको अर्को खुट्टा त स्वर्गमा पुगेको रहेछ । यो लेख त्यतिवेलाको समयमा सबैभन्दा बहुमुल्य कागजात मध्ये एक भएको थियो । ति महान लेखकले यसरी अगाडि लेख्दछन् "म चिहानको छेउमा उभिएर डराउँदै अलि पर हेरिरहँ, मैले टाढामा कसैलाई देख्न सके, केही खस्न खोजेको जस्तो मलाई भान हुन्छ । हो त्यो सत्यता हो हामी जब लामो निन्द्राबाट ब्युँझिन्छौं हामीलाई उहाँसँगै भएको फेला पार्दछौं । हामीमा महान परिवर्तन यहीं हो यो भन्दा ठूलो कुरा के हुन सक्छ । महान् खुशी आनन्द हामी सँगै उहाँ, उहाँसँग हामी । यो महान् सुसमाचार सबैले बुझ्नुपर्दछ र यो सत्यता तपाईंले पनि बुझ्नु भएन भने आफैलाई आराम नदिनुहोस् । यो सत्यतालाई स्विकार गर्नको लागि तपाईंको हृदय ढिलै पनि कठोर नपार्नु होस् । यो सत्यताले तपाईंलाई उत्साह देओस् । " परमेश्वर हामी प्रति सहनशील हुनुहुन्छ । हामीलाई सर्वदा उहाँले पश्चाताप गर्न अगुवाई गर्नुहुनेछ । आफ्ना पापहरूलाई स्विकार गर्नुहोस्, येशूलाई अंगालो मार्नुहोस् र उहाँले तपाईंलाई अंगालो मार्नु हुनेछ । उहाँले गेतसमनी को वगैंचामा प्रार्थना गर्दा पनि हाम्रो निम्ति अन्नरविन्ति गर्नु भयो । उहाँले रगत बगाउनु भयो क्रुसमा चढ्नुभयो, पनुरुत्थान हुनुभयो, स्वर्गमा चढि जानुभयो र ईश्वर पिताको दाहिने हात पट्टि वसेर हाम्रो निम्ति अन्तरविन्ति गरिरहनु भएको छ । प्रियहरू यो सत्यतालाई हामीले मनन गरौं र त्यो महान दिनको प्रतिक्षामा वसौं । हाम्रो विरुद्धमा आउने सबै पापहरूलाई पश्चाताप गरौं । हाम्रो नजिक भएका प्रियहरूले पनि खीष्टलाई चिन्न सकुन र त्यो सत्यतालाई ग्रहण गर्न सकून । हे परमेश्वर मलाई पश्चातापको पोशाक पहिरिएको रूपमा भेट्नुहोस्, म खीष्टको योग्यताको लुगामा, सेतो लुगामा, खडा हुन चाहन्छु, जो ईश्वरीय पवित्रता हो । त्यो पवित्रता विना कुनै पनि मानिसले परमेश्वरलाई देख्न सक्दैन ।" तिमीहरूमध्ये धेरैजना अहिले पनि पापमय जीवनमा वाँचिरहेका छौ, विचार गर र आफैलाई पवित्र पार ! पश्चाताप गर र पहिले गरेका सबै पापहरूलाई त्याग्नुहोस् । विश्वासद्वारा प्रभू येशू खीष्टको धार्मिकता धारण गर्नुहोस् । तपाईंको जीवनबाट सबै दुष्टताहरू हटुन् र ती सदाको लागि हटुन् । आजैबाट तपाईले नयाँ जीवन सुरु गर्नुहोस्, परमेश्वर प्रति नयाँ भक्तिपूर्ण जीवन जोड्नुहोस् र आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेमको आँखाले हेर्नुहोस् ।

कस्तो महिमा ! त्यो दिन परमप्रभु हाम्रो सूर्य र मुकुट हुनुहुनेछ । त्यो मुकुटको हामी एक अर्का एक बहुमुल्य रत्न बन्नेछौं । तपाईं मेरो र म तपाईंको जस्तो दिन होला त्यो । त्यो दिन हामी सबैजना परमेश्वरको विश्वव्यापी मण्डलीको सदस्य हुनेछौं हाम्रा दिनहरू एक विश्राम दिन जस्तै हुनेछन् र हाम्रो पृथ्वीको विश्राम दिन स्वर्गीय विश्राम दिनमा परिवर्तन हुनेछ । के तपाईंले सोच्नुभयो मैले यस विषयमा अति बढी कुरा गरें । होइन जति असल हुनेछ त्यति मैले भनेको पनि छैन भन्न सक्दा पनि सक्दिन । तपाईंका गल्तीहरू कति धेरै छन् विचार गर्नुहोस् त, हाय ! मैले अझै पनि मेरा पापहरूलाई व्यक्तिगत र सार्वजनिक रूपमै पनि स्विकार गर्न देखि चुकेको छु । के तपाईंलाई आफ्नो आत्मिक जीवनको

भन्दा अरू नै कुराहरूको हजारौं गुणा चिन्ता छ ?

परम प्रभु म प्रति कृपालु हुनुहुन्छ । शुत्रले मेरो शान्ति प्रतिकुनै खलल नपारोस् । मेरो मृत्यु माथिको विजयको जीवन कहिल्यै कसैले पनि खोस्न नसकोस् । हाम्रा प्रभु येशू खीष्टद्वारा हामीलाई यो महान विजय दिनु हुने परमेश्वरलाई धन्यवाद होस् । ईश्वर प्रतिको साँचो प्रेमले हजारौं अपराधहरूलाई ढाक्नेछ । हाम्रा मुक्तिदाता प्रतिको विश्वासले हाम्रा हजारौं परिक्षाहरूबाट छुटकरा दिनेछ ।

स्विजरलेण्ड को यात्रा

धेरै प्रार्थना र सरसल्लाहपछि जोन फ्लेचरले आफ्नो जन्मभूमिको हावा लिने विचार गरे । उनी विरामी भएकै वेलामा स्विजरल्याण्डले यात्रा तय गरे । उनले यो निर्णय लिँदा आफ्ना साथीहरूलाई उनले लेखेको पत्रको केही अंश यहाँनेर लेख्न सान्दर्भिक लाग्यो ।

"हरेक दिन आफ्नो वारेमा तल्लो विचारहरू,
अति प्रति भएको उच्च विचारहरू,
आफ्ना भाइहरूका उच्च विचारहरू

तपाईका वरिपर भएका सबैजना प्रति तपाईको विचारहरू सधैं उच्च राख्नुहोस् । तपाईंहरू जहाँ भएता पनि तपाईको दिओ सधैं वलिरहोस्, इश्वरीय प्रेमको आगो पापको नरकमाथि सधै चम्कन्छ भन्ने कुरा कहि नै नर्विसनुहोस् । सत्यताको लागि साहस गर्नुहोस् । प्रेमको लागि उत्साहित हुनुहोस् । पापको विरुद्धमा गर्जनका सन्तान वन्नुहोस्, नम्र पापीहरूका लागि सान्त्वनाको सन्तान बन्नुहोस् तपाईंको स्वर्गीय मन र मातृत्व प्रतिको प्रेम सबै जनालाई थाहा होस् । अरू मानिसहरूले तपाईको स्वभाव देखेर "हेर यी मानिसहरूले यसरी प्रेम गर्दछन्" भन्न सक्दछन् । तपाईलाई धैर्यताको साथै विश्वास र शक्तिको खाँचो छ । तपाईंले दुख भोग्न र परमेश्वरको इच्छा बुझ्न सधैं सिक्नुपर्दछ । त्यसो हो भने ठूला - ठूला परिक्षाहरूबाट सफल हुन सधैं तयार हुनुहोस् । हरेक परिक्षाहरू, तपाईंको विश्वासलाई प्रमाणित गर्न, शुद्ध पनि र बलियो बनाउनका लागि मात्र हुन् ।

जोन फ्लेचरका अन्तिम वर्षहरू

उनको जीवनको ठूलो भाग उनले एकलै काम गरे । धेरै वर्ष पहिला उनले एकजना विश्वासी महिला मेरी वोसक्वेट लाई भेटेका थिए । उनी ति महलिा प्रति धेरै नै आकर्षित भएका थिएनन् । तर आफ्नो आर्थिक अवस्थाको कारणले उनिसंग सम्बन्धमा रहन सकेनन् । चिनजान भएको धेरै वर्ष पछि उनको दिमाग वाट ती महिला वाहिर निस्केकी थिइनन् । मेरीको जीवन जोनको लागि अति नै आशिष साबित भयो । एकदिन यस्तो दिन पनि आयो मेरी विश्वासी भएकै कारणले आफ्ना सबै आफन्तहरूलाई छाडेर हिँड्नु पर्ने दिन पनि आयो । उनीसँग भएका सबै चिजहरू खोसिए । यस्तो अवस्थामा मेरी र जोनले १७८१ मा विवाह गरे ।

१७८५ मा फ्लेचर चार वर्षपछि आफ्नो घरमा फर्किए, उनले भने 'मेरी मलाई चिसो लाग्यो ।' उनको स्वास्थ्य खराब भयो शुक्रबार र शनिवार प्रार्थना पनि गरियो । उनको शरीरको तापक्रम बढेकै थियो, त्यो आइतबार पनि उनले मण्डलीमा प्रचार गरिरहे । उनलाई उभिन गाह्रो भयो, त्यतिबेला सबैका आँखा उनीतिर परेका थिए । उनि प्रचार गर्न अझै उत्साहित देखिन्थे । उनले परमेश्वरसँग फेरि शक्ति प्राप्त गरे र उनी फेरि पहिला जस्तै बलिया भएर विभिन्न कामको जिम्मेवारी लिए । केही दिन पछि उनी वेहोस भएर प्रचार गर्दा गर्दै लडेर उनलाई उचालेर घरमा लगियो ।

अर्को हप्ता फ्लेचर र उनकी श्रीमतीले धेरै कुराकानी गरे दुवैले परमेश्वरको प्रशंसा गरे । परमेश्वर महान हुनुहुन्छ । उहाँको प्रेम महान् छ त्यो उनीहरूको अगाडि थियो । यसपटक उनी सारै कमजोर भइसकेका थिए । त्यही समयमा उनले परमेश्वरमा सधैंको लागि विश्राम लिए । अगस्त १४ का दिन उनको आत्मा परमेश्वरमा सुम्पियो । यतिवेला उनी मात्र ५० वर्षका थिए ।

(Adapted From the book fletcher of Mageley by Oswald J. Smith Copyrighted 1962 used by Permission.)

ख्रीष्टसँगै उठ्नु (Raised up with Christ)

By Andrew Murray (1828 – 1917)

ख्रीष्टको पुनरुत्थानको गहिरो कार्य अर्थ छ । ख्रीष्ट मर्नु हुँदा उहाँले के गर्नुभयो । उहाँ मृत्युको अन्धकारमा जानु भयो जहाँ कुनै ससहायता थिएन । उहाँले पाप रहित जीवन जीउनुभयो त्यो जीवन परमेश्वरले दिनुभएको थियो र त्यो अतिनै बहुमुल्य थियो । यो समयमा ख्रीष्टले यसो भन्नुभयो "यदि पिताले भन्नुभयो भने म यसलाई म मेरो पिताको हातमा सुम्पने छु ।" र उहाँले त्यसै गर्नुभयो । येशू चीहानमा हुँदा पनि पिताको इच्छा नै खोज्नु भयो । परमेश्वरले आफ्नो इच्छा ख्रीष्टद्वारा पूरा गर्नुभयो । परमेश्वरले ख्रीष्टलाई उहाँको शक्तिद्वारा माथि उचाल्नु भयो । ख्रीष्टले आफ्नो जीवन परमेश्वरको हातमा सुम्पनुभयो र उहाँलाई केही पनि घाटा भएन । यहाँ एउटा प्रश्न आउन सक्दछ 'के परमेश्वर हामी सबैलाई स्वइच्छाले हामीबाट उहाँ अलग रहन चाहनुहुन्छ र परमेश्वरको वचनले भन्दछ, "यदि उहाँको मृत्युमा हामी उहाँसंग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चयनै हामी उहाँसंगै एक हुनेछौं ।"(रोमी ६:५)

त्यसो हो भने, परमेश्वरले ख्रीष्टद्वारा हामीलाई उहाँसंग मिलापमा ल्याउन चाहानुहुन्छ भने हामी ख्रीष्टसंगै मर्छौं र उहाँसंगै चिहानमा गाडिन्छौ र उहाँसंगै पुनरुत्थान हुन्छौ । परमेश्वरको शक्तिले उहाँको अनुग्रहबाट हामीमा काम गर्नुहुन्छ । येशूको शक्तिमा हामीले पुनरुत्थान र जीवन विताउन नसकेसम्म कसैले पनि सही जीउने आशा पनि गर्न सकिँदैन । विचा गरौं त येशू दुईपटक जन्मनुभयो । पहिलो पटक वेथलेहेममा जन्मनु भएको थियो र त्यो त कमजोर जीवनमा उहाँ जन्मनुभएको थियो । दोश्रो पटक उहाँ चिहानबाट जन्मनुभयो (यहाँ वौरि उठ्नुलाई जन्मुन भनिएको छ) ".....मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ जेष्ठ हुनुहुन्छ .....।" (कलस्सी १:१८) चीहानबाट जन्मलिंदा उहाँले आफ्नो पहिलो शरिरलाई छाड्नुभयो परमेश्वरले उहाँलाई स्वर्गीय महिमा र सिंहासनमा रहन दोश्रो जीवनलाई अनुमति दिनुभयो ।

विश्वासीहरू: हामीले के गर्नुपर्ने हो, एक जना मानिस असल विश्वासी, असर सेवक, हुन सक्दछ, उ दैनिक रुपमा आत्मिक वृद्धि तथा प्रगति भएकै हुन सक्दछ तर उसले यहि आशिषको पूर्णता प्राप्त गरेको छैन भने उ परमेश्वरको शक्तिले प्रदान गर्ने दोश्रो र गहिरो अनुभवमा आउन आवश्यकता हुन्छ । जसरी परमेश्वरले इस्राएलीहरूलाई मिश्रबाट र लालसमुद्रबाट तारेर बाहिर निकाल्नुभ यो त्यतिमै घटना अन्त हुँदैन परमेश्वरले तिनीहरूलाई यर्दन नदी पार गराएर कनानसम्मै ल्याउन चाहनुहुन्छ ।

विश्वासीहरूले ख्रीष्टको मृत्युसंगै वप्तिस्मा लिएका हुन्छन् र यसरी भनेका हुन्छन् "मैले धेरै धन्यको जीवन प्राप्त गरेको छु, मैले धेरै अचम्मका अनुभवहरू बटुलेको छु । परमेश्वरले मेरो लागि धेरै कुराहरू गर्नुभएको छ । तर म मा अझै कति कमिहरू छन् म मा पूर्णता छैन । म यो पनि थाहा गर्दछु कि यो आराम र आशिषको जीवन मेरो आफ्नै होइन ।" ख्रीष्टले आफ्नो आरामको जीवन स्वर्गीय सिंहासनमा वस्तु अगाडि, उहाँ पहिला मर्नु परेको स्वर्गीय सिंहासनमा वस्तु अगाडि, उहाँ पहिला मर्नु परेको थियो र सम्पूर्ण आरामहरूलाई त्याग्नु परेको थियो । यदि हामीले पनि ख्रीष्ट संगै दु:ख भोग्यौं भने उहाँ संगै हामी विजयमा उहाँ संगै राज्य गर्ने छौं । उहाँको मृत्युमा हामीले येशूलाई पछ्याउँदा उहाँको पुनरुत्थान, शक्ति र आनन्द हाम्रो पनि हुनेछ ।

ख्रीष्टले आफैलाई नम्रपार्नु भयो र परमेश्वरले उहाँलाई उच्च पार्नुभयो । येशूले प्राप्त गर्नु भएको त्यो आशिष हाम्रो जीवनमा कसरी आउन सक्दछ ? जसरी उहाँले पितासंग पूणं संगतिमा रहनुभयो त्यो नै परमेश्वर र ख्रीष्टको सम्बन्ध हो, त्यो सहभागिता उहाँको मृत्युको फल थियो ।

धर्मशास्त्रले प्रतिज्ञा गरेको छ कि परमेश्वरले परमेश्वर र जीवनमा हामीलाई शान्ति प्रदान गर्नु हुनेछ । जसले गर्दा हामी आफ्ना सम्पूर्ण पापमाथि विजय हासिल गर्नेछौं । उहाँले हामीलाई पवित्र आत्माले मर्नु हुनेछ र जुन आत्माले येशूलाई पनि स्वर्गमा उठाई लग्यो । यसरी पिताले पुत्रमाथि आफ्ना सम्पूर्ण शक्ति दुःख विजयको जीवन खन्याइदिनु भयो । त्यही आत्मा हामीले पनि प्राप्त गर्न सक्छौं ।

जब हामी पुनरुत्थानको जीवनमा प्रवेश गर्दछौं त्यो जीवन र हामीमा खीष्टद्वारा खस्दछ, सधैं रहिरहन्छ । जसरी खीष्ट सिंहासनमा विराजमान हुनुहुन्छ । हामी पनि एकदिन उहाँसंग हुनेछौं । हामी खीष्टको संगतिमा संगै हुनेछौं । जहाँ परमेश्वरको सधै वास हुनेछ । उहाँले हामीलई पवित्रआत्माले मर्नु हुनेछ । हामीले अहिलै सम्म थाहा नपाएका पवित्र आत्माका काम हामीले अनुभव गर्नेछौं ।

जसरी खीष्टले परमेश्वरसंग भर परेर यो जीवन प्राप्त गर्नुभयो । येशूको त्यही आत्मा आज हाम्रा जीवन खन्याउन उहाँ सधैं तयार हुनुहुन्छ । उहाँको समर्पणको जीवनलाई एकपटक विचार गरौं त । परमेश्वरले दिनु भएका अरु कामहरूलाई एकातिर पन्छ्याए जस्तो गरि उहाँ मृत्यु सम्म जानुभयो । त्यहाँ जीवनको उदाहरण खीष्टले हाम्रो विचमा दिनुभयो । के खीष्ट जस्तै हामी पनि परमेश्वरको अगाडि नम्र हुनुपर्ने होइन र ?

जबसम्म खीष्टको मण्डलीले आफूलाई माटोको धुलोको रुपमा हेर्दैन यो संसारमा परमेश्वरको इच्छा पूरा हुनेकाम गर्नै सक्दैन । के आज पनि हाम्रो मण्डलीभित्र मन तातो पना, संसारिकता? अनाज्ञाकारिता, प्रसस्तै मात्रामा लुकेर वसेको त छैन ? यो महानु युद्ध हामी कसरी लड्न सक्दछौं ? जवाफ स्पष्ट छ,खीष्टको वौरि उठाई, मुकुट पहिराई,सर्वशक्तिमानको स्वर्गीय सिंहासनमा बसाई उहाँको शक्ति हरेक विश्वासीहरूमा आउनु पर्दछ । तर हाम्रो खीष्टसंग मर्न सकेनौं भने हामीले केही पनि गर्न सक्दैनौं । परमेश्वर अझै पनि पर्खिन चाहनुहुन्छ, उहाँले पुत्रले गर्नुभएको सबै काम हामीले पनि गरोस भन्ने चाहनुहुन्छ । हामीले खीष्टको जस्तै जीवन विताउनु पर्दछ ।

Conden sed and arranged from The master's indwelling by Andrew Marry.

हार्दिक शुभकामना

पुनरुत्थान (इस्टर) महोत्सव २०८० का साथै नव वर्ष वि.सं. २०८१ को सुखद अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपालका सम्पूर्ण मण्डली परिवारमा उत्तरोत्तर प्रगति, सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना व्यक्त गर्दै सबैमा प्रेम, विश्वास र एकताका लागि परमेश्वरसँग प्रार्थना गर्दछौं ।

नेपाल खीष्टियन हेराल्ड परिवार

प्रेरणा मण्डली परिवार

विशेष धन्यवाद

पा. माधव पौडेल, रुची पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

स्थानीय वितरक

रमेश बिडारी, दक्षिण कोरिया, एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन, नेपाल खीष्टियन हेराल्ड ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 01- 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta